
## ४. आयोजनाबाट प्रवाह हुने आंशिक तथा पूरक अनुदानको विवरण

आयोजनाले परिलक्षित गरेका प्रतिफलहरु हासील गर्न निम्नलिखित आंशिक/पूरक अनुदान तथा सहलगानीका स्किमहरु संचालन हुनेछन्।

| स्किमको कोड | स्किमको शिर्षक | लक्षित लाभग्राही | लक्षित उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| स्किम १ | क्रेडिट ग्यारेन्टी फण्ड | स्किम २ का लाभाग्राहिहरु | स्किम २ का लाभाग्राहिहरुको लागि वित्तीय पहुँचको सुनुस्चितता | • आयोजानाले छनौट गरेको साझेदार वित्तीय संस्थामार्फत आयोजना क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धिका लागि कर्जा सहजीकरण |
| स्किम २ | कृषक, कृषक समूह तथा कृषि सहकारीहरुलाई आंशिक अनुदान | कृषि उद्यमी/ कृषक समूह/ सहकारी | फलफूल बगैंचा तथा तरकारी/ अन्य बालीको फार्म विकास | **फलफूल बगैंचा विकास र विस्तारको लागि**<br>• कृषक समूह/सहकारीहरुलाई कार्यक्रमको कुल लागतमा ५०% अनुदान सहायता तथा कृषि उद्यमीको हकमा ५० लाख वा सो भन्दा कमको अनुदान रकमको हकमा ५० % र सो भन्दा माथिको अनुदान रकमको हकमा ४०% अनुदान प्रवाह हुने।<br>• प्रति अनुदानग्राही अधिकतम २५ हेक्टरमा २ करोड ५० लाख सम्म अनुदान प्रवाह<br>नोटः प्रति अनुदानग्राही कलष्टरमा कम्तीमा १ हेक्टर क्षेत्रफल भन्दा कमको फलफूल बँगैचामा अनुदान प्रवाह हुनेछैन।<br>**तरकारी तथा अन्य बालीको फार्मको विकासको लागि**<br>विश्व खाद्य कार्यक्रमको प्राविधिक सहायतामार्फत संचालन हुने पोषण पाठशाला समूहहरुलाई कार्यविधिअनुरुप कुल लागतको अधिकतम ५० % आशिंक अनुदान। |
| स्किम ३ | कृषक सहकारीहरूलाई पूरक अनुदान | सहकारी | आयोजना लक्षित बालीहरुको मूल्य श्रृङ्खला विकासका गतिविधिहरु संचालन | • प्रति अनुदानग्राही अधिकतम ५०% पूरक अनुदान ।<br>• प्रति अनुदानग्राही पूरक अनुदानको अधिकतम सीमा रु. १ करोड। |
| स्किम ४ | निजि कृषि व्यवसायी तथा सेवा प्रदायकहरु पूरक अनुदान | निजि कृषि व्यवसायी तथा सेवा प्रदायकहरु | आयोजना लक्षित बालीहरुको मूल्य श्रृङ्खला विकासका गतिविधिहरु संचालन | • प्रति अनुदानग्राही अधिकतम ४०% पूरक अनुदान<br>• प्रति अनुदानग्राही पूरक अनुदानको अधिकतम सीमा रु. २ करोड |
| स्किम ५ | स्थानीय तहहरुको सहलगानीमा मूल्य शृंखला पूर्वाधार विकासमा सहलगानी | स्थानीय तह/ प्रदेशहरु | आयोजना लक्षित बालीहरुको मूल्य श्रृङ्खला विकासका गतिविधिहरु संचालन | • अधिकतम ५०% सहलगानी<br>• प्रति प्रस्ताव अधिकतम १ करोड ५० लाख सहलगानी |
| स्किम ६ | निजि नर्सरी सुदृढिकरणका लागी पूरक अनुदान | निजि नर्सरीहरु | आयोजना लक्षित फलफूल बालीहरुको गुणस्तरीय विरुवाहरुको आपूर्तिको सुनिश्चितता | • अधिकतम ५०% अनुदान<br>• आयोजना लागू भएका हरेक ५ वटा प्रदेशमा १ वटा नर्सरीहरुको दरले ५ वटा नर्सरीलाई अधिकतम १ करोड सम्म पूरक अनुदान तथा ३५ वटा नर्सरी तथा गुणस्तरीय फलफुल बिरुवा उत्पादन गर्ने तन्तु प्रजनन ल्याबहरुलाई अधिकतम ५० लाख पूरक अनुदान प्रवाह |

## ५. आयोजना कार्यान्वयनको संस्थागत संरचना :

यस आयोजना कार्यान्वयनको संस्थागत संरचना यसप्रकार रहेको छ।




### पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना अन्तर्गतका कार्यालयहरुको सम्पर्क विवरण


१) केन्द्रीय आयोजना व्यवस्थापन एकाइ, कीर्तिपुर काठमाण्डौ
फोन नं.: ०१-५९०५०५३ इमेलः cpmu.nafha@gmail.com

२) आयोजना कार्यान्वयन एकाइ, नेपाल कृषि अनुसन्धान परिषद, खुमलटार ललितपुर
फोन नं.: ०१-५५२३०४१ इमेलः nafhanarc@gmail.com

३) आयोजना कार्यान्वयन एकाइ, कोशी प्रदेश, बिराटनगर मोरङ्ग
फोन नं.: ०२१-५१६५६८, ०२१-५११३५८ इमेलः piup1.nafha@gmail.com

४) आयोजना कार्यान्वयन एकाइ, बागमती प्रदेश, हेटौंडा मकवानपुर
फोन नं.: ०५७-५२०४६६, ०५७-५२११०४, ०५७-५९०५८८
इमेलः biubagmati.nafha@gmail.com

५) आयोजना कार्यान्वयन एकाइ, गण्डकी प्रदेश, पोखरा कास्की
फोन नं.: ०६१-५२०२७३, ०६१-५२०२६३, ०६१-५४०८९५
इमेलः piugandaki.nafha@gmail.com


६) आयोजना कार्यान्वयन एकाइ, कर्णाली प्रदेश सुर्खेत
फोन नं.: ०८३-५२०३०५, ०८३-५२०१८१ इमेलः piukarnali.nafha@gmail.com

७) आयोजना कार्यान्वयन एकाइ, सुदुरपश्चिम प्रदेश, दिपायल डोटी
फोन नं.: ०९४-४४०११८७, ०९४-४४००१० इमेलः piusudurpaschim.nafha@gmail.com


ADB GAFSP
global agriculture & food security program

# पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना

## आयोजनाको संक्षिप्त परिचय







नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना
केन्द्रीय आयोजना व्यवस्थापन एकाइ
किर्तिपुर, काठमाडौ

## १. पृष्ठभुमि :

नेपालका पहाडी क्षेत्रहरुमा कृषियोग्य जमिन बाँझो रहने प्रवृत्ति तथा कृषि क्षेत्रबाट युवाशक्ती पलायन हुने समस्यालाई सम्बोधन गर्न पहाडी क्षेत्रहरुमा फलफूल बालीहरुका बँगैचा विकास र विस्तार मार्फत उत्पादन र उत्पादकत्व वृद्धी तथा मूल्य श्रृङ्खला विकासका कृयाकलापहरु संचालन गरी रोजगारी सृजना तथा लाभग्राही किसानहरुको आयस्तर वृद्धी मार्फत ग्रामिण अर्थतन्त्रमा टेवा पुर्याउने उद्देश्य लिएर एसियाली विकास बैंक (Asian Development Bank - ADB) को सहुलियतपूर्ण ऋण तथा अनुदान, विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रम (Global Agriculture and Food Security Program - GAFSP) को अनुदान तथा नेपाल सरकारको सहलगानीमा कोशी, बागमती, गण्डकी, कर्णाली र सुदुरपश्चिम प्रदेशका १०० वटा स्थानीय तहहरुमा आर्थिक बर्ष २०७९/८० देखी २०८६/८७ अवधी (जम्मा ७ बर्ष) को लागि संचालन हुने गरी एसीयाली विकास बैंक र नेपाल सरकार बिच मिति २०७९/०७/२१ मा सम्झौता भई यस पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (Nuts and Fruits in Hilly Areas – NAFHA) लागू भएको छ। यस आयोजनाले कम्तीमा ३०००० घरधूरीको प्रत्यक्ष संलग्तामा १०,००० हेक्टर क्षेत्रफलमा तोकिएका फलफूल बालीहरु : एभोकाडो, ओखर, कागजीबदाम, कागती, किवि, जुनार, मेकेडेमीया नट, पेकान, स्याउ (उच्च घनत्व समेत) र सुन्तलाको बँगैचा विकास तथा विस्तारका साथै कम्तीमा १०००० घरधूरीको प्रत्यक्ष संलग्नतामा १००० हेक्टर क्षेत्रफलमा तरकारी तथा अन्य बालीहरुको फार्म विकास, फलफूल बालीहरुको नर्सरी व्यवस्थापन तथा बागवानीजन्य उपजहरुको मूल्य श्रृङ्खला विकासका कृयाकलापहरु संचालन गर्ने लक्ष्य लिएको छ।




चित्र नं १ – आयोजनाको श्रोतगत बजेट




चित्र नं २-आयोजनाको सोच

## २. आयोजनाले परिलक्षित गरेका प्रतिफलहरु (OUTPUTS)

यस आयोजनाले निम्नलिखित तीन वटा प्रतिफलहरु परिलक्षित गरेको छ।

### ३.१ नर्सरी तथा बागवानी क्षेत्र व्यवस्थापनको लागि संस्थागत क्षमता विकास (Institutional capacity for nursery and horticulture sector management improved)

यस प्रतिफल हासील गर्न आयोजनाबाट निम्नलिखित कृयाकलापहरु संचालन हुनेछन्।

- फलफूल बालीहरुको गुणस्तरीय विरुवाहरुको सुनिश्चतताको आवश्यक पर्ने कानुनी मापदण्डहरुको तयारी तथा कार्यान्वयन,
- संघीय, प्रादेशिक तथा नेपाल कृषि अनुसन्धान परिषद अन्तर्गतका आयोजना लक्षित बालीहरुसँग सम्बन्धित सरकारी फार्म/अनुसन्धान केन्द्रहरुको संस्थागत सुधारको लागि भौतिक पूर्वाधारहरुको विकास, प्रयोगशालाको क्षमता सुधार, लक्षित बालीहरुका नवीन जातहरुको जर्मप्लाज्म खरिद, संरक्षण एवं विस्तार,
- बागवानी क्षेत्रमा कार्यरत प्राविधिकहरुको विशिष्टिकृत क्षमता विकास,
- लक्षित फलफूल बालीहरुको गुणस्तरीय बिरुवाहरुको आपूर्ती श्रृङ्खलाको सुनिश्चितताको लागि निजि नर्सरीहरुको संस्थागत क्षमता विकासको लागि आयोजनाको स्किम ६ मार्फत पूरक अनुदान कार्यक्रम संचालन।

### ३.२ आयोजनाका लाभग्राही कृषकहरुको उत्पादन तथा उत्पादकत्व वृद्धी (Production and productivity of project farmers increased)

यस प्रतिफल हासिल गर्न निम्नलिखित कृयाकलापहरु संचालन हुनेछन्।

- कम्तीमा ३०००० घरधुरीको प्रतक्ष्य संलग्नतामा १०००० हेक्टर क्षेत्रफलमा आयोजनाका लक्षित फलफूल बालीहरुको बँगैचा विकास र विस्तार गर्ने,
- कम्तीमा १०००० घरधुरीको प्रत्यक्ष संलग्नतामा १००० हेक्टर क्षेत्रफलमा तरकारी तथा अन्य बालीहरुको फार्म विस्तार गर्ने,
- आयोजना लक्षित बालीहरुको उन्नत खेति पद्दति प्रवर्द्धनको लागि ४०००० कृषकहरुको प्राविधिक क्षमता विकास गर्ने,
- आयोजना लक्षित फलफूल बालीहरुको बगैंचा विकास तथा विस्तार गर्न इच्छुक कृषि उद्यमी, कृषि सहकारी तथा कृषक समूहहरुलाई आयोजनाको स्किम २ मार्फत अनुदान प्रवाह गर्ने,
- स्किम २ मार्फत विकास गरिएका फलफूल बगैंचामा रोपिएका फलफूल बिरुवाहरु हुर्काएवापत कार्यविधि अनुसार प्रोत्साहन अनुदान (Plant Survival Incentive) प्रदान गर्ने,
- तरकारी तथा अन्य बालीहरुको फार्म विकासको लागि कार्यविधि बमोजिम आंशिक अनुदान प्रदान गर्ने,
- फलफूल बँगैचा विकास तथा विस्तारको लागि अनुदानग्राहीहरुलाई आवश्यक पर्ने वित्तीय पहुँच सुनिश्चितताको लागि आयोजनाको स्किम १ मार्फत क्रेडिट ग्यारेन्टी फण्ड (Credit Guarantee Fund ) को स्थापना गरी सोको व्यवस्थापन गर्ने,
- पहाडी क्षेत्रमा बाँझो रहेका जमिनमा फलफूल बगैंचा विस्तार गरी सो मार्फत हुन सक्ने कार्बन कारोबारको सम्भावानाका लागी आवश्यक अध्ययन तथा अभिलेखीकरण प्रणाली विकास गर्ने,
- आयोजनाको Crop and Land Database System विकास गरी Customized Digital Advisory System को विकास तथा प्रयोग गर्ने।

### ३.३ पहाडी क्षेत्रका बागवानीजन्य उत्पादनहरुको मूल्य अभिवृद्धि (Value addition to hilly area horticulture produce enhanced)

यस प्रतिफल हासिल गर्न आयोजनाको कार्यक्षेत्रमा बागवानीजन्य उपजहरुको मूल्य शृंखलाका पात्ररुको (Actors) सहभागिताको सुनिश्चततामार्फत नाफामूलक बजारीकरण अवसरहरुको सृजना तथा उपयोगको लागि कृषि सहकारी, निजि व्यवसायी तथा सेवा प्रदायक तथा स्थानीयतहहरुलाई मूल्य श्रृङ्खला विकासका कृयाकलापहरु संचालन गर्न आयोजनाका विभिन्न स्किमहरु मार्फत आयोजनाले निम्नलिखित पूरक अनुदान तथा कृयाकलापहरु संचालन गर्नेछ।

- कृषक सहकारी तथा स्थानीय कृषक संस्थाहरुलाई व्यवसायिक योजना तयारी, असल कृषि अभ्यास, खाद्य स्वच्छता तथा अन्य मान्यताप्राप्त गुणस्तर प्रमाणीकरण पद्दतिहरुका विषयहरुमा क्षमता विकास गर्ने,
- बागवानीजन्य उत्पादनका खरिदकर्ताहरु तथा उत्पादक कृषक उद्यमी, कृषक समूह तथा सहकारीहरू बिच खरिद सम्बन्धि सम्झौता (Buy back agreement) तथा सोको दिगोपनका लागी सहजीकरण गर्ने,
- बागवानीजन्य वस्तुको उत्पादानोपरान्त व्यवस्थापनका लागी आवश्यक प्रविधि, पूर्वाधार तथा औजार उपकरणहरुमा अनुदान सहयोग गर्ने,
- मूल्य श्रृङ्खला विकासका संरचनाहरुको विकासका लागि आयोजनाको स्किम ३ मार्फत सहकारीहरुलाई, स्किम ४ मार्फत निजि कृषि व्यवसायी तथा सेवा प्रदायकहरुलाई पूरक अनुदान तथा स्किम ५ मार्फत स्थानीय तहहरुलाई सहलगानी प्रदान गर्ने।

## ३. आयोजनाको कार्यक्षेत्र

यस आयोजना निम्नलिखित ५ वटा प्रदेशका ३४ जिल्लाहरुका १०० वटा स्थानीय तहहरुमा संचालन हुनेछ।

| क.स. | प्रदेश | जिल्ला | स्थानीय तह |
|---|---|---|---|
| १ | कोशी (२२ स्थानीय तहहरु) | पाँचथर | हिलिहाङ, फिदिम |
| | | तेह्रथुम | आठराई, लालीगुराँस, म्याङलुङ, फेदाप |
| | | धनकुटा | छथर जोरपाटी, धनकुटा, महालक्ष्मी, पाखिबास |
| | | भोजपुर | अरुण, भोजपुर, पौवादुङमा |
| | | खोटाङ | हलेसी तुवाचुङ, रावा बेसी, दिक्तेल रुपाकोट मझुवागढी |
| | | ओखलढुंगा | चम्पादेवी, मानेभन्ज्याङ, सुनकोशी |
| | | सोलुखुम्बु | सोलुदुधकुण्ड, थुलुङ दुधकोशी, माप्य दुधकोशी |
| २ | बागमती (८ स्थानीय तहहरु) | नुवाकोट | लिखु , तादी |
| | | सिन्धुपाल्चोक | चौतारा साँगाचोकगढी, ईन्द्रावती, मेलम्ची |
| | | धादिङ | नेत्रावती डबजोङ, त्रिपुरासुन्दरी, गजुरी |
| ३ | गण्डकी (३४ स्थानीय तहहरु) | गोरखा | आरूघाट, पालुङटार, सिरानचोक |
| | | लमजुङ | बेसीशहर, मध्यनेपाल, मर्स्याङ्दी, राइनास, सुन्दरबजार |
| | | तनहुँ | म्याग्दे, ऋसिङ्ग |
| | | कास्की | अन्नपुर्ण, मादी, पोखरा |
| | | स्याङ्जा | विरुवा, चापाकोट, गल्याङ |
| | | पर्वत | जलजला, कुश्मा, मोदी, फलेवास |
| | | मुस्ताङ | वारागुङ मुक्तिक्षेत्र, लो-घेकर दामोदरकुण्ड, घरपझोङ, थासाङ |
| | | मनाङ | नासों, मनाङ ङिस्याङ, चामे |
| | | म्याग्दी | अन्नपूर्ण, बेनी |
| | | बाग्लुङ | बडिगाड, गल्कोट, जैमीनी, काठेखोला, निसिखोला |
| ४ | कर्णाली (२० स्थानीय तहहरु) | रुकुम पश्चिम | बाँफिकोट, मुसिकोट, सानी भेरी |
| | | सल्यान | सिद्ध कुमाख, शारदा |
| | | जाजरकोट | छेडागाड, जुनीचाँदे |
| | | दैलेख | आठबीस, नारायण,चामुन्डा बिन्द्रासैनी |
| | | कालीकोट | शुभकालिका, नरहरीनाथ |
| | | जुम्ला | हिमा, सिंजा, कनकासुन्दरी |
| | | मुगु | खत्याड, सोरु |
| | | हुम्ला | ताँजाकोट, अदानचुली |
| | | डोल्पा | मुड्केचुला |
| ५ | सुदुरपश्चिम (१६ स्थानीय तहहरु) | अछाम | बान्नीगढी जयगढ, कमलबजार, मंगलसेन, पंचदेवल विनायक, तुर्माखाँद |
| | | बाजुरा | बुढीनन्दा, जगन्नाथ, स्वामीकार्तिक खापर |
| | | बैतडी | दशरथचन्द, पाटन |
| | | बझाङ | छबिसपाथिभेरा, मष्टा, जयपृथ्वी, बुङ्गल |
| | | दार्चुला | शैल्यशिखर, लेकम |
| जम्मा | ५ | ३४ | १०० |